म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५३ बिहीबार, १७ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 30 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

### हेटौंडा ५ र १९ लाई नगर कप भलिबलको उपाधि

हेटौंडा, १६ बैशाख/हेटौंडामा सञ्चालन भएको नगर कप भलिबल प्रतियोगितामा महिलातर्फ हेटौंडा उपमहानगरपालिका-५ र पुरुषतर्फ हेटौंडा उपमहानगरपालिका-१९ ले उपाधि जितेको छ । महिलातर्फको फाइनल खेलमा हेटौंडा-५ ले वडा नं १२ लाई ३-० को सोझो सेटमा पराजित गरेको हो । वडा-५ ले वडा-१२ लाई २५-१७, २५-२२ र २५-४ को सोझो सेटमा हराउँदै उपाधि सहित ५० हजार रुपैयाँ जितेको हो । उपविजेता वडा-१२ ले ३० हजार रुपैयाँमा चित्त बुझाएको छ । महिलातर्फ हेटौंडाका ७ वटा वडाले प्रतिस्पर्धा गरेका थिए । यसैगरी पुरुषतर्फ हेटौंडा उपमहानगरपालिका-१९ ले वडा-११ लाई ३-२ को सेटमा स्तब्ध बनाएको हो । वडा-१९ ले वडा-११ लाई २५-२३, २०-२५, २५-१९, ९-२५, २५-१० को सेटमा हराएको हो । पुरुषतर्फको फाइनल भिडन्त निकै प्रतिस्पर्धात्मक बनेको थियो । पुरुषतर्फ १० वटा वडाको सहभागिता थियो । पुरुषतर्फको विजेता हेटौंडा-१९ ले ५० हजार रुपैयाँ प्राप्त गर्दा उपविजेता हेटौंडा-११ ले ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । प्रतियोगिताका विजेता, उपविजेता र विधागत उत्कृष्टलाई हेटौंडा-११ का वडाध्यक्ष जुना दाहाल, १९ का वडाध्यक्ष नरनाथ सुवेदी, ५ का वडाध्यक्ष सुशील घिमिरे, आयोजकलगायतले पुरस्कार वितरण गरेका थिए ।

### छनोट प्रक्रियालाई व्यवस्थित बनाउन जिल्लामै सिफारिस गर्ने व्यवस्था

## सांसदलाई वैशाख २१ भित्र आयोजना प्रस्ताव गर्न समय

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तयारीका क्रममा प्रदेशसभा सदस्यलाई समयमै आयोजना प्रस्ताव पेसगर्न आह्वान गरेको छ ।



आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी निर्देशिका अनुसार २०८३ वैशाख २१ गतेभित्र सम्बन्धित कार्यान्वयन इकाई कार्यालयमा आयोजना विवरण बुझाउन पत्राचार गरिएको हो । मन्त्रालयले 'बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी निर्देशिका, २०८३' कार्यान्वयनमा आइसकेको जानकारी दिँदै प्रस्ताव गरिने आयोजना तथ्यपरक, जनमुखी र नतिजामुखी हुनुपर्नेमा जोड दिएको छ । प्रदेशको सन्तुलित र समावेशी विकास सुनिश्चित गर्न उच्चप्रतिफल दिने र धेरै नागरिक लाभान्वित हुने योजनालाई प्राथमिकतामा राख्न आग्रह गरिएको आर्थिक मामिला मन्त्री प्रभात तामाङका प्रमुख स्वकीय सचिव आशिष न्यौपानेद्वारा जारी पत्रमा भनिएको छ ।

मन्त्रालयले निर्देशिकाको अनुसूची-३ बमोजिमको ढाँचामा आयोजना विवरण पेस गर्नुपर्ने व्यवस्था गरेको छ । पत्रमा आयोजनाको पहिचान, प्रस्ताव तयारी र छनोट प्रक्रियालाई व्यवस्थित बनाउन स्पष्ट मापदण्ड तय गरिएको मन्त्री तामाङले बताए । स्रोत-साधनको सीमितता ध्यानमा राख्दै प्रभावकारी र उपयोगी योजना छनोट गर्नुपर्ने उनको धारणा छ । उनले प्रदेशसभा सदस्यको सक्रिय सहभागिताबाट विकास बजेटको प्रभावकारी उपयोग हुने र आयोजना कार्यान्वयनमा थप गति आउने अपेक्षा गरे ।

बागमतीका पूर्वमन्त्री नेकपा सांसद रत्नप्रसाद ढकालले छोटो समयसीमा राखेर आयोजना माग गरिएकोमा असन्तुष्टि जनाए । आयोजना प्रस्तावका लागि कम्तिमा पनि ३ महिनाको समय दिइनुपर्ने उनले बताए । 'सरकारले निर्देशिका ल्याएर बजेट निर्माणलाई व्यवस्थित गर्न खोजेको विषय सकारात्मक छ,' उनले भने, 'आयोजना प्रस्ताव गर्न दिएको समय छोटो भयो । यो समयमा आयोजना छनोट गर्न कठिन हुन्छ ।'

**आयोजना छनोटको के छ नयाँ व्यवस्था ?**

आर्थिक मामिला मन्त्रालयले आयोजना छनोट प्रक्रियालाई व्यवस्थित बनाउन जिल्लाबाटै सिफारिस गर्ने व्यवस्था गरेको छ । जिल्लास्तरमै आयोजना छनोट सिफारिस समिति गठन गरिने व्यवस्था गरिएको हो । निर्देशिकाको दफा ६ को उपदफा (८) अनुसार पेस भएका आयोजनाको छलफल, अन्तरक्रिया र विश्लेषण गरी उपयुक्त आयोजना छनोट गरिने उल्लेख छ । छनोटका क्रममा भौगोलिकक्षेत्र, जिल्लागत तथा स्थानीय तहगत सन्तुलन मिलाउने र दोहोरो नपर्ने सुनिश्चित गरिने भनिएको छ । यसरी छनोट गरिएका आयोजना सम्बन्धित विषयगत मन्त्रालयमा सिफारिस गरिने व्यवस्था गरिएको छ ।

समितिको संयोजक प्रत्यक्षतर्फबाट निर्वाचित प्रदेशसभा सदस्य रहनेछन् भने सहसंयोजकको जिम्मेवारी सम्बन्धित निर्वाचन क्षेत्रका समानुपातिकतर्फका प्रदेशसभा सदस्यलाई दिइएको छ । त्यसैगरी, प्रत्येक स्थानीय तहबाट प्रमुख वा उपप्रमुख अथवा प्रमुखले तोकेको प्रतिनिधि सदस्यकारुपमा सहभागी हुनेछन् । प्रदेश सरकारका योजना कार्यान्वयन गर्ने कार्यालय वा निकायका प्रमुख सदस्य-सचिव रहने व्यवस्था गरिएको छ । समितिको बैठक सञ्चालन कार्यविधि सम्बन्धित कार्यालयले निर्धारण गर्नेछ । यदि संयोजक अनुपस्थित भएमा सहसंयोजकको नेतृत्वमा बैठक सञ्चालन हुने व्यवस्था निर्देशिकाले गरेको छ ।

उपदफा (५) अनुसार समितिले छनोट गरेका आयोजनालाई संयोजक र सदस्यसचिवबाट प्रमाणित गराउनुपर्नेछ । त्यसपछि ती आयोजनालाई सम्बन्धित कार्यालयले आयोजना बैंकमा प्रविष्ट गरी तोकिएको समयावधिभित्र सम्बन्धित मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । यदि तोकिएको समयभित्र आयोजना सिफारिस हुन नसकेमा जिल्लास्थित कार्यालयले प्राप्त प्रस्तावको प्रारम्भिक परीक्षण गरी उपयुक्त देखिएका आयोजनालाई आयोजना बैंकमा समावेश गरेर मन्त्रालयमा पेस गर्नसक्ने प्रावधान पनि राखिएको छ ।

समितिको सचिवालयको जिम्मेवारी जिल्लास्थित सम्बन्धित कार्यालय वा निकायले वहन गर्नेछ । तर, एउटै मन्त्रालयका जिल्लामा एकभन्दा बढी कार्यालय भएमा मन्त्रालयले तोकेको कार्यालयले अन्य कार्यालयसँग समन्वय गर्दै सचिवालयको भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था निर्देशिकामा उल्लेख गरिएको छ । यसैगरी, निर्देशिकाले सरकारले अब नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतअनुसार कति समयभित्र सक्नुपर्छ भन्ने स्पष्ट सीमा तोकेको छ ।

निर्देशिकाको दफा ४ को बजेट प्रस्ताव गर्दा पालना गर्नुपर्ने मापदण्डअनुसार १० करोड रुपैयाँसम्मका आयोजना दुई आर्थिक वर्षभित्र, १० करोडदेखि २० करोड रुपैयाँसम्मका आयोजना बढीमा तीन वर्षभित्र, २० करोडदेखि ५० करोड रुपैयाँसम्मका आयोजना चार वर्षभित्र र ५० करोडभन्दा माथिका जुनसुकै लागतका आयोजना पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्ने प्रावधान राखिएको छ ।

## दक्षजनशक्ति उत्पादन प्राथमिकतामा: मुख्यमन्त्री बानियाँ




साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले स्वास्थ्यक्षेत्रमा आवश्यक दक्षजनशक्ति उत्पादनलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताएका छन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाका कुलपति समेत रहेका मुख्यमन्त्री बानियाँले प्रतिष्ठानको हेटौंडामा भएको १० औं सभामा प्रतिष्ठानले पारदर्शी र जवाफदेही भएर काम गर्नुपर्ने बताएका हुन् । उनले मानव स्वास्थ्यसँग जोडिएको बागमती प्रदेशको गौरवको योजना भएको भन्दै प्रतिष्ठानले दक्षप्राविधिक जनशक्ति उत्पादन गर्नुपर्नेमा जोड दिए । प्रतिष्ठानले कानुन नियमलाई व्यवस्थित गर्ने र मर्यादित गरेर सञ्चालन गर्नुपर्छ, मुख्यमन्त्री बानियाँले भने, 'संघसँग कानुन नबाझिने गरी बनाउनु आवश्यक छ ।'

उनले हेटौंडा अस्पतालमा अभ्यास गर्दा आवश्यक उपकरण खरिदमा विवादरहितरुपमा खरिदप्रक्रिया अगाडि बढाउनुपर्ने भन्दै कसैको दबाब र प्रभावमा आएर गुणस्तरहीन उपकरण ल्याएर बदनाम हुने कार्य नगर्न निर्देशन दिए । प्रतिष्ठानका सहकुलपति एवं स्वास्थ्य मन्त्री किरण थापाले प्रतिष्ठानले दक्षजनशिक्त उत्पादनलाई जोड दिँदै आएको बताए । प्रतिष्ठानका उपकुलपति प्राडा प्रदीप ज्ञवालीले प्रतिष्ठानको प्रतिवेदन प्रस्तुत, डीन डा. इन्दिरा अधिकारी पौडेलले शैक्षिक कार्यक्रम र शिक्षाध्यक्ष प्राडा दिनेशकुमार लम्सालले प्रतिष्ठानका बारेमा जानकारी गराएका थिए ।

सभामा वार्षिक प्रतिवेदन स्वीकृत सम्बन्धमा, आर्थिक वर्ष २०८३/८४ को नीति, योजना र कार्यक्रम, आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट, हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नियमावली, २०७७ संशोधन, प्रतिष्ठानको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७७ संशोधन, प्रतिष्ठानको शिक्षक सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७७ संशोधन, प्रतिष्ठानका पदाधिकारी व्यवस्थापन तथा सेवा, सुविधासम्बन्धी नियमावली, २०७७ संशोधनका सम्बन्धमा छलफल गरी पारित गरिएको रजिस्ट्रार भीमसागर गुरागाईंले जानकारी दिए । प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण, प्रतिष्ठानको परिमार्जित संगठन संरचना र प्रतिष्ठानको प्रस्तावित नयाँ दुईसय शैंयाको विशिष्टीकृत शिक्षण अस्पतालबारे छलफल गरी निर्णय भएको उनले बताए ।




## सिन्धुली 'कलाघर' विकासको लागि बजेट माग

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ नेपाली मौलिक संस्कृतिको प्रवर्द्धन गर्दै आएको सिन्धुलीको कमलामाई नगरपालिका-३ स्थित राष्ट्रिय कला संग्रहालय 'सिन्धुली कलाघर'का प्रतिनिधिले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग आवश्यक बजेट विनियोजनको माग गरेका छन् ।

कलाघरका परिकल्पनाकार एवम् अध्यक्ष चित्रबहादुर थापामगर 'सुमन'को नेतृत्वमा पुगेको टोलीले कलाघरको हालसम्मको प्रगतिविवरण जानकारी गराउनुका साथै पुनर्निर्माण तथा थप विकासका लागि बजेट व्यवस्था गरिदिन आग्रह गरेको हो । कलाघरले विश्वका १ सय ९५ देशलाई कलाको माध्यमबाट प्रस्तुत गर्दै 'विश्वलाई कलामार्फत् सजाएर देखाउने' लक्ष्यसहित अघि बढिरहेको कलाकार सुमनले जानकारी दिए । उनकाअनुसार भविष्यमा कलाकारका लागि आश्रम, सांस्कृतिक विश्व विद्यालय र कला अनुसन्धान केन्द्र स्थापना गरी सयभन्दा बढीलाई रोजगारी प्रदान गर्ने योजना रहेको छ ।

कलाघरका कलाकारले मौलिक पोशाकमा पञ्चेबाजा बजाउनुका साथै प्रशिक्षण दिने गरेका छन् । कलाघरको पुनर्निर्माण तथा कला प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारले विगतदेखि नै बजेट विनियोजन गर्दै आएको छ । सिन्धुली कलाघर नेपाली मौलिकताको सम्मान, संस्कृति प्रदर्द्धन र सम्पूर्ण कला सिकाइको केन्द्र हो । बाहिरबाट हेर्दा सामान्य देखिने कलाघरभित्र अद्भूत कलाहरु संग्रहित छन् । गौरीशंकर हिमालको टाकुरोबाट टल्किने दृश्य यहींबाट देखिन्छ । प्राकृतिक सुन्दरता, शान्त परिवेश र प्रेरणादायी वातावरणले यहाँ पुग्ने सबैको मन मोहित बनाउँछ ।

कलाघरभित्र कलाआश्रम पनि बन्नेछ । जहाँ जीवनभर कलामा समर्पित कलाकारले बुढ्यौलीपन सम्मानका साथ बिताउन सक्नेछन् । जसबाट कलाकारको जीवनभरको साधनालाई सम्मान हुनेछ । 'कलाकारको पनि बुढ्यौली आउँछ, रोगले गाँज्छ । सिन्धुली कलाघरको समूह नेपाली कला, संस्कृतिको संरक्षण र प्रदर्द्धनमा समर्पित छ । विशेषगरी, लोप हुँदै गएका परम्परागत बाजा बचाइ राख्ने कार्यमा कलाघर अग्रसर छ । नेपाली संस्कृतिमा कुनैपनि महत्वपूर्ण कार्य साइतमा गरिन्छ, यस्ता साइतलाई मंगलमय बनाउन मंगल धुन बजाउने परम्परा छ । जसका लागि अहिले देशविदेशका धार्मिक, सामाजिक, सांगीतिक र सांस्कृतिक समारोहमा पञ्चेबाजा बजाउने महिला कलाकारको माग बढ्दो छ ।

## विभेदपूर्ण वित्तीय प्रणाली फेरबेदलको माग गर्दै ज्ञापनपत्र पेश



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ विभेदपूर्ण वित्तीय प्रणाली फेरबेदलको माग गर्दे वित्तीय शोषणविरुद्ध किसान मजदुर आन्दोलन, नेपाल मकवानपुर शाखाले संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

बुधबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत संघीय सरकारलाई ज्ञापनपत्र बुझाउँदै वित्तीय प्रणालीमा सुधारको माग गरेको हो । जिल्ला अध्यक्ष धमित्रबहादुर कार्कीको नेतृत्वमा गएको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीलाई ज्ञापनपत्र बुझाएको हो । देशभरका किसान, मजदुर तथा सानामझौला व्यवसायी वित्तीय संस्थाबाट पीडित भइरहेको भन्दै तत्काल नीतिगत हस्तक्षेप गर्न आग्रह गरेको अध्यक्ष कार्कीले बताए । हालै निर्वाचित सरकारबाट जनताले ठूलो आशा राखेपनि आर्थिक तथा वित्तीय उत्पीडनको समस्या समाधान हुन नसकेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । विशेषगरी बैंक तथा वित्तीय संस्थाले चर्को ब्याजदर, धितो लिलामी, ऋण असुलीलाई कडाई गर्दा आमनागरिक थप समस्यामा पारेको उनीहरुको जिकिर छ ।

ज्ञापनपत्रअनुसार वित्तीय पहुँच सीमित हुँदा किसान तथा मजदुर वर्ग झन् जोखिममा परेका छन् भने साना उद्यमी व्यवसाय टिकाउनै नसक्ने अवस्थामा पुगेको उल्लेख गरिएको छ । बैंक तथा वित्तीय संस्थाले ऋणीको घरजग्गा लिलाम गर्ने, चेक बाउन्सका मुद्दा दर्ता गर्ने जस्ता गतिविधिले सामाजिक तथा आर्थिक संकट गहिरिँदै गएको उनीहरुको आरोप रहेको छ । कोभिड-१९ पछिको आर्थिक मन्दीले झन् समस्या बढाएको भन्दै सरकारको निष्क्रियताप्रति असन्तुष्टि व्यक्त गरिएको छ । आर्थिक संकटका बेला राहत दिनुपर्नेमा राज्यले उल्टै वित्तीय संस्थालाई स्वतन्त्र छाड्दा सर्वसाधारण थप मारमा परेको अध्यक्ष कार्कीले बताए ।

चर्को ब्याजदर नियन्त्रण, ऋणअसुली प्रक्रियामा मानवीयता अपनाउने, साना व्यवसायी तथा किसानलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, तथा वित्तीय संस्थालाई कडाइका साथ नियमन गर्ने उनीहरुको माग रहेको छ । दीर्घकालीन समाधानका लागि वित्तीय संस्थाको राष्ट्रियकरण गर्दै जनमुखी वित्तीय प्रणाली विकास गर्नुपर्ने माग गरिएको छ । ज्ञापनपत्रमार्फत उनीहरुले सरकारलाई वार्तामा बस्न र समस्याको समाधानतर्फ ठोस कदम चाल्न आग्रह गरेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# चेपाङ संग्रहालय किन ?

नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचानभित्र सीमान्तकृत समुदायको इतिहास, जीवनशैली र ज्ञान परम्परा प्रायः ओझेलमा पर्दै आएका छन् । यस्तै ऐतिहासिक उपेक्षाको सिकार बनेको चेपाङ समुदायको पहिचान, संस्कृति र परम्परालाई संरक्षण गर्ने उद्देश्यले राक्सिराङ गाउँपालिकामा निर्माण सम्पन्न भएको चेपाङ संग्रहालय भवन एक अत्यन्तै महत्वपूर्ण र स्वागतयोग्य पहल हो । तीनतले आधुनिक संरचनासहित निर्माण गरिएको यो संग्रहालयले केवल एउटा भवनमात्र होइन, राज्य र स्थानीय तहको सोचमा आएको सकारात्मक परिवर्तनको संकेत पनि हो । चेपाङ समुदाय नेपालको आदिवासी जनजाति समुदायमध्ये एक हो, जसको आफ्नै भाषा, संस्कार, जीविकोपार्जन पद्दति र प्रकृतिसँग गहिरो सम्बन्ध रहेको जीवनशैली छ । तर, लामो समयसम्म राज्यका विकास नीतिबाट विमुख रहँदा उनीहरुको संस्कृति, मौलिकज्ञान र ऐतिहासिक धरोहर संरक्षणको अभावमा हराउँदै जाने खतरा बढ्दै गएको छ । चेपाङ संग्रहालयको निर्माणलाई सांस्कृतिक न्याय र पहिचानको पुनर्स्थापनाको प्रयासकारुपमा हेर्न सकिन्छ ।

बागमती प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा करिब चार करोड रुपैयाँको लागतमा निर्माण भएको भवनले संघीय संरचनामा स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य सम्भव छ भन्ने उदाहरण पनि प्रस्तुत गरेको छ । अझ महत्वपूर्ण कुरा, संग्रहालय भवनको संरचना निर्माण सकिएपछि अब भित्र सामग्री व्यवस्थापन, पार्टेसन, साजसज्जा र प्रदर्शनीको चरणमा प्रवेश गर्नु हो । यही चरणमा संग्रहालयको वास्तविक सार्थकता निर्भर रहने भएकाले यहाँ अत्यन्तै सचेत र विज्ञसम्मत निर्णय आवश्यक छ । विज्ञको सुझावका आधारमा सामग्री राख्ने स्थान, संरचना र सजावट गर्ने भनाइ सकारात्मक संकेत हो । संग्रहालय केवल वस्तुराख्ने कोठामात्र नभई इतिहास बोल्ने जीवित माध्यम हो । त्यसैले चेपाङ समुदायका दैनिक जीवनसँग जोडिएका उपकरण, कृषिपद्धति, शिकार-संकलन परम्परा, पोशाक, भाषा, गीत-संगीत, धार्मिक विश्वास र मौलिक इतिहासलाई आधुनिक संग्रहालय प्रविधिसँग जोडेर प्रस्तुत गर्नु आवश्यक छ । डिजिटल माध्यम, अडियो-भिजुअल सामग्री र व्याख्यात्मक सूचनाले भावी पुस्तालाई आकर्षित गर्न सक्छ । संग्रहालय सञ्चालन र व्यवस्थापनमा स्वयं चेपाङ समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनुपर्छ । बाहिरबाट हेर्ने दृष्टिकोणभन्दा समुदायभित्रको अनुभव र ज्ञान बढी प्रमाणिक हुन्छ । यदि संग्रहालय केवल सरकारी परियोजनाकारुपमा सीमित रह्यो भने यसको दीर्घकालीन प्रभाव कमजोर हुनसक्छ । त्यसैले समुदायलाई मार्गदर्शक, कथावाचक र संरक्षकको भूमिकामा राख्नु जरुरी छ । पर्यटन, शैक्षिक भ्रमण र अनुसन्धानको केन्द्रकारुपमा विकास गर्न सके यसले स्थानीय अर्थतन्त्रमा पनि योगदान पुर्‍याउन सक्छ । विद्यालय तथा विश्वविद्यालयसँग सहकार्य गरेर अध्ययन-अनुसन्धानको गन्तव्य बनाउनु, सांस्कृतिक कार्यक्रम आयोजना गर्नु र स्थानीय उत्पादनको प्रवर्द्धन गर्नु दीर्घकालीन रणनीति हुनसक्छ । चेपाङ संग्रहालय भवनको निर्माण सम्पन्न हुनु सुरुवात मात्र हो ।

यसको आत्मा भनेको भित्र प्रस्तुत गरिने सामग्री, त्यसको व्यवस्थापन र समुदायको स्वामित्वमा निर्भर रहनेछ । यदि योजनाबद्ध, संवेदनशील र समावेशी ढंगले अगाडि बढाइयो भने यो संग्रहालय केवल चेपाङ समुदायको मात्र होइन, सम्पूर्ण नेपालको सांस्कृतिक सम्पदाको गौरव बन्न सक्छ । अवलोकनकर्ताले चेपाङका विशेष परिकारको स्वाद लिनसक्ने र संग्रहालय परिसरमै बसेर खान तथा सामग्री खरिद गर्नसक्ने व्यवस्था गरिने योजना छ । संग्रहालयको तल्लोतलामा चेपाङ समुदायले परम्परादेखि प्रयोग गर्दै आएका तर, हाल लोपोन्मुख अवस्थामा पुगेका सामग्री राखिनेछन् । यसमा एकपाखे ढ्यांग्रो, चिउरीको रस निकाल्ने ठिउरी, धनुषकाँण, एकसरो लगौँटी, ढाकर पाटको गुलेली र माटोको मट्याङ्ग्रा, चिउरीको घिउ राख्ने काठको ठेकी, भोर्लाको जाबी लगायत ६५ प्रकारका विभिन्न सांस्कृतिक तथा घरायसी सामग्री समावेश गरिनेछ । सरकारले सूचीकृत गरेका ५९ आदिवासी जनजातिमध्ये चेपाङ समुदाय पनि एक हो । २०७८ सालको जनगणनाअनुसार नेपालमा चेपाङको कुल जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ भने मकवानपुर जिल्लामा १९ हजार २ सय ३३ जना चेपाङ बसोबास गर्छन् । मकवानपुरको जातिगत संरचनामा चेपाङ पाँचौं स्थानमा पर्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १८ गते शुक्रबार १ मे २०२६ । पूर्णिमा, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४६ ने.सं. । सूर्योदय ५:२७ सूर्यास्त ६:३७ । बुद्ध जयन्ती । उभौली पर्व । श्रमिक दिवस । कूर्म जयन्ती । गोरखनाथ जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम्पत्य जीवन सुखद बन्नेछ | तुला | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| वृष | : आम्दानी राम्रो हुनेछ | वृश्चिक | : यात्रामा खर्च बढ्नेछ |
| मिथुन | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | धनु | : मौकाको फाइदा लिन सकिनेछ |
| कर्कट | : प्रेमको बन्धन कसिन सक्नेछ | मकर | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| सिंह | : चुनौतीहरु देखा पर्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# संवैधानिक नैतिकताको कसीमा अध्यादेश राज



✍राजुप्रसाद चापागाइ

एकातिर संसद्मा झन्डै दुईतिहाइ कमान्ड गर्ने सरकार छ, अर्कातिर नयाँ भनिएका शासकमा पनि अध्यादेश राजको मोह देखिन्छ । बोलाइसकेको संसद् अधिवेशन स्थगनको सूचना जारी गरेर संसद्लाई पन्छाइएको छ । यसैबीच पाँच अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पेस गरिएको खबर बाहिरिएको छ । संसद् अधिवेशन स्थगनको निहित उद्देश्य एउटा अध्यादेश राजको मोह थियो भन्ने स्पष्ट देखिन्छ ।

अर्को, गरिब जनतामाथि शत्रुता साँधेर राज्यबाट अभिभावकीय संरक्षणको पर्खाइमा रहेका भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी जनतामाथि अस्ति भर्खरै तिनै जनताको मतले निर्वाचित भएको सरकारले जुन दादागिरी देखाइरहेको छ, त्यो विरोधविहीन रूपमा जारी राख्न पाइयोस् भन्ने उद्देश्य निहित रहेको देखिन्छ । यसै सन्दर्भमा यो संक्षिप्त आलेखमा अध्यादेशसम्बन्धी संवैधानिक प्रबन्धलाई अर्थ्याउने प्रयास गरिएको छ ।

ऐतिहासिक रूपमा अध्यादेश जारी गर्ने प्रचलन हामीले कसरी अनुसरण वा अनुकरण गर्दै आएका छौँ ? वर्तमान संविधानले अध्यादेशको सन्दर्भमा कुन र कस्तो संवैधानिक 'आर्किटेक्चर' आत्मसात् गरेको छ ? यसमा अन्तर्निहित संवैधानिक नैतिकता के हो ? नेपालको संवैधानिक विकासक्रमलाई नियाल्दा सर्वप्रथम अध्यादेश जारी गर्ने अधिकारलाई नेपालको वैधानिक कानुन, २००४ ले आत्मसात् गर्न खोजेको देखिन्छ । धारा ४६ मा 'मुलुकभर कतै पनि शान्ति भङ्ग नहोस् भन्नका निमित्त श्री ३ महाराजबाट मन्त्रिमण्डलको सल्लाहले चाहिएको अस्थायी कानुन जारी गरिबक्सन हुन्छ, तर यस्ता अस्थायी कानुन छ महिनाभन्दा बढी जारी रहनेछैन । अवस्था सु[यो भन्ने ठानीबक्सेमा श्री ३ महाराजबाट बीचमा जुनसुकै बेला पनि सो कानुन खारेज गरिबक्सने हुनेछ,' भन्ने व्यवस्था गरिएको देखिन्छ ।

यो व्यवस्था हेर्दा शान्तिसुरक्षा कायम गर्न तत्काल आवश्यक भए मात्र अस्थायी कानुन (अध्यादेश) जारी गर्न सकिने, मन्त्रिमण्डलको सल्लाह लिनुपर्ने, त्यस्तो अस्थायी कानुनको अवधि ६ महिनाको मात्र हुने, श्री ३ ले चाहेको बखत जतिबेला पनि खारेज गर्न सक्ने लगायतका सर्तको अधीनमा राखिएको देखिन्छ । अन्तरिम शासन विधान, २००७ ले श्री ५ महाराजधिराजको व्यवस्थापिकीय अधिकारको रूपमा अध्यादेश जारी गर्न पाउने अधिकार स्पष्टतासाथ आत्मसात् गरेको देखिँदैन । तथापि, धारा ३० मा भनिएको छ, 'जुनसुकै नेपाल कानुनमा जुनसुकै कुरा भए तापनि वा जुनसुकै अदालतको जुनसुकै फैसलामा जुनसुकै कुरा भए तापनि नेपालको शान्ति व्यवस्था तथा राम्रो शासनका लागि श्री ५ महाराजधिराजलाई कानुन बनाउने राजकीय एवं सम्पूर्ण अधिकार प्राप्त रहन्छ भन्ने कुराको शङ्का निवारणका लागि यसद्वारा घोषणा तथा पुष्टि गरिन्छ ।' यस व्यवस्थाले 'नेपालको शान्ति व्यवस्था तथा राम्रो शासन' को सर्तको अधीनमा रहेर अध्यादेश प्रकृतिको कानुन बनाउन सक्ने अधिकार प्रदान गरेको देखिन्छ ।

'नेपाल अधिराज्यको संविधान, २०१५' ले भने अध्यादेश जारी गर्ने अधिकारलाई परिष्कृत रूपमा अङ्गीकार गरेको देखिन्छ । धारा ५२(१) मा 'संसद्को दुवै सदनको अधिवेशन नभएका बखतमा 'तत्काल केही गर्न' आवश्यक परिस्थिति आएको छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा, यस संविधानको उपबन्धको प्रतिकूल नहुने गरी, मौसुफबाट परिस्थितिअनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ,' भन्ने व्यवस्था गरिएको देखिन्छ । यसले तत्काल उत्पन्न परिस्थितिको सामना गर्न आवश्यक नपरीकन अध्यादेश जारी हुन नसक्ने संवैधानिक पूर्वसर्त वा सीमा अभिनिश्चित गरिदिएको देखिन्छ । साथै, यसले महत्त्वपूर्ण रूपमा संविधानका अरू प्रावधानहरूमा दखल हुन नहुने कुरा पनि स्पष्ट पारेको देखिन्छ । यसले जारी गर्नुपूर्वका सर्त मात्र नभई जारीपछिका सर्त पनि तोकेको छ:

क. अध्यादेश जारी भएपछि बसेको संसद्को दुवै सदनमा पेस गरिनेछ र संसद्को दुवै सदनले अस्वीकार गर्ने प्रस्ताव पास गरेमा खारेज हुनेछ ।

ख. श्री ५ बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ ।

ग. खण्ड (क) वा (ख) बमोजिम खारेज नभएमा संसद्को बैठक बसेको ४५ दिनपछि स्वत: निष्क्रिय हुनेछ ।

स्पष्टीकरण: संसद्का विभिन्न सदन अघिपछि गरी बसेको छ भने यस उपधाराको तात्पर्यका लागि जुन सदन पछि बसेको छ, सो सदनको बैठक बसेको मितिबाट संसद्को बैठक बसेको समयको गणना हुनेछ ।

नेपालको संविधान, २०१९ को धारा ५७ मा पनि अध्यादेश जारी गर्ने अधिकारलाई समेटिएको देखिन्छ । उपधारा (१) मा 'राष्ट्रिय पञ्चायत वा राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको बखतमा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा, यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी, मौसुफबाट राजसभासँग चाहिबक्सेमा परामर्श गरी परिस्थितिअनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ,' भन्ने व्यवस्था गरिएको थियो । यस व्यवस्थामा पनि 'तत्काल केही गर्न आवश्यक परेको' पूर्वअवस्था स्थापित हुनुपर्ने स्पष्ट देखिन्छ ।

२०४६ को जनआन्दोलनपछि जारी गरिएको 'नेपाल अधिराज्यको संविधान, २०४७' को धारा ७२ मा पनि स्पष्ट 'कन्डिसन प्रिसिडेन्ट' र 'कन्डिसन सब्सिक्वेन्ट' को अधीनमा राखी अध्यादेश जारी गर्ने कार्यकारिणीको अधिकारको प्रबन्ध गरिएको देखिन्छ । 'नेपालको अन्तरिम संविधान, २०६३' को धारा ८८(१) मा पनि समान प्रकृतिका पूर्वसर्तको अधीनमा अध्यादेश जारी गर्न सक्ने अधिकारको प्रबन्ध गरिएको देखिन्छ- 'व्यवस्थापिका-संसद्को अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा, यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी, मन्त्रिपरिषद्को सिफारिसमा आवश्यक अध्यादेश जारी गर्न सक्नेछ ।' उल्लिखित संवैधानिक प्रावधानहरूलाई नै सारभूत रूपमा पछ्याउँदै नेपालको वर्तमान संविधानले पनि निश्चित कन्डिसन प्रिसिडेन्ट र कन्डिसन सब्सिक्वेन्टको अधीनमा रहेर मात्र अध्यादेश जारी गर्ने अधिकारको प्रबन्ध गरेको पाइन्छ ।

**नेपालको संविधान, धारा ११४**

१. सैंघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ ।

२. उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐनसरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश- (क) जारी भएपछि बसेको सैंघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुनेछ, (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा, दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वत: निष्क्रिय हुनेछ ।

धारा ११४ को प्रावधानको केवल सतही वा शाब्दिक अर्थबोध मात्र पर्याप्त हुँदैन । यसमा अन्तर्निहित संवैधानिक नैतिकता अर्थात् व्यक्त र अव्यक्त मूल्यमान्यताहरूको गहिरो विश्लेषण र उत्खनन गर्नु आवश्यक छ । अनेकौँ मुद्दाहरू सर्वोच्च अदालतमा गए पनि अहिलेसम्म यस किसिमको गहिरो व्याख्या र विवेचनाको अभावमा स्वेच्छाचारी अभ्यासले प्रश्रय पाएको छ र हाम्रो शासन प्रणाली 'अध्यादेश-राज' तर्फ उन्मुख भएको देखिन्छ । पछिल्लो प्रयत्न त्यसको निरन्तरता मात्रै होइन, पराकाष्ठा नै हो ।

विशेषगरी धारा ११४(१) मा निहित पूर्वसर्तहरू र सीमाहरूलाई उजागर गर्नु र आत्मसात् गर्नु नितान्त आवश्यक छ । धारा ११४(१) र (२) का प्रावधानहरूमा प्रयुक्त शब्दावलीहरूको अर्थ उत्खननको कोसिस गरौँ:

**१. "...तत्काल..." भन्ने शब्दको अर्थ:**

संविधानको धारा ११४ मा प्रयोग भएको 'तत्काल' भन्ने शब्द सामान्य प्रशासनिक आवश्यकतासँग जोडिएको होइन । यो शब्दले गम्भीर, आकस्मिक र अनपेक्षित अवस्थालाई जनाउँछ । यस्तो अवस्था पूर्वअनुमान गर्न नसकिने, अप्रत्याशित र सङ्कटपूर्ण हुनुपर्छ, जसमा तुरुन्तै राज्यको प्रतिकार्य आवश्यक हुन्छ । प्राकृतिक प्रकोप, युद्ध, महामारी वा गम्भीर राष्ट्रिय सङ्कटहरू यसअन्तर्गत पर्न सक्छन् । यसले 'तत्काल' को प्रयोग कुनै पनि अवस्था वा सुविधा हेरेर गरिने नभई मात्र यस्ता गहिरो र असाधारण सङ्कटमा गर्न मिल्ने सन्देश दिन्छ ।

**२. "...केही गर्न..." भन्ने वाक्यांशको अर्थ**

'केही गर्न' भन्ने वाक्यांशलाई संविधानले एउटा उद्देश्यसहितको क्रियाको रूपमा प्रस्तुत गरेको छ । यसको आशय संविधानमा तोकिएको उद्देश्य वा सार्वजनिक हितका कार्यहरू गर्न आवश्यक परेमा मात्र हो । यो अभिव्यक्ति कुनै दलविशेषको राजनीतिक स्वार्थ पूरा गर्न वा कार्यपालिका वा राष्ट्रपतिको स्वेच्छाचारी निर्णयका लागि होइन । यसमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको संवैधानिक सिद्धान्त समेटिएको छ, जुन धारा ५६(६) बाट पनि पुष्टि हुन्छ । धारा ७५ मा पनि कार्यकारिणी अधिकार संविधान र कानुनबमोजिम मात्रै प्रयोग हुन सक्ने व्यवस्था रहेबाट पनि कार्यपालिकाको अधिकार सीमित र उत्तरदायी रूपमा प्रयोग हुनुपर्छ भन्ने स्पष्ट हुन्छ ।

**३. "...आवश्यक परेमा..." भन्ने वाक्यांशको अर्थ**

'आवश्यक परेमा' भन्ने वाक्यांशले प्रशासनिक सहजताको नाउँमा अध्यादेश ल्याउन पाइन्छ भन्ने अर्थ राख्दैन । यसको प्रयोग तब मात्र औचित्यपूर्ण ठहरिन्छ, जब कुनै कार्य गर्न ठोस, वास्तविक र अपरिहार्य आवश्यकता हुन्छ । विशेषगरी यस्तो आवश्यकता त्यस्तो होस्, जुन वैधानिक रिक्तताको कारण उत्पन्न भएको होस् र जुन अन्य वैकल्पिक उपायबाट तुरुन्त पूरा गर्न सम्भव नहोस् । यो आवश्यकताको परीक्षण कडाइका साथ गर्नु आवश्यक हुन्छ । संविधानमा 'आवश्यक देखिएमा' वा 'विश्वास गर्न सकिने आधारमा' जस्ता लचिलो वाक्यांशहरूको प्रयोग नगरिएकाले यसलाई अपवादात्मक रूपमा बुझ्नुपर्दछ ।

**४. "...जारी गर्न सक्नेछ..." भन्ने वाक्यांशको अर्थ**

धारा ११४ अन्तर्गत राष्ट्रपतिलाई दिइएको अध्यादेश जारी गर्ने अधिकार कुनै व्यक्तिगत विवेकको आधारमा प्रयोग गर्न मिल्ने छैन । यो अधिकार संविधानले तोकेको मर्म, उद्देश्य र सन्दर्भमा मात्रै प्रयोग गर्न सकिने सीमित र सर्तसहितको अधिकार हो । यसमा कार्यपालिकाले मनपरी अध्यादेश ल्याउने छुट छैन । अध्यादेशको प्रयोग संयमित, विधिसम्मत र संवैधानिक परिधिभित्र सीमित रहनुपर्छ ।

**५. "...जुनसुकै बखत खारेज हुन सक्नेछ..." भन्ने वाक्यांशको अर्थ**

संविधानको धारा ११४(२) ले राष्ट्रपतिले जारी गरेको अध्यादेश जुनसुकै बेला खारेज गर्न सक्ने व्यवस्था गरेको छ । यसको अर्थ के हो भने, यदि राष्ट्रपतिबाट भएको निर्णय असंवैधानिक ठहरिन्छ भने, त्यो निर्णय तत्काल सच्याउने उत्तरदायित्व राष्ट्रपति स्वयम्सँग रहन्छ । संविधानको धारा ६१(४) ले राष्ट्रपतिलाई संविधानको पालन र संरक्षण गर्ने संवैधानिक दायित्व दिएकाले, संविधानविपरीतको अध्यादेश जारी भएमा त्यसलाई खारेज गर्नु राष्ट्रपतिको तजवीज नभई बाध्यकारी दायित्व हो ।

**६. "...ऐनसरह मान्य हुनेछ..." भन्ने वाक्यांशको अर्थ**

धारा ११४ अन्तर्गत जारी अध्यादेशहरूलाई 'ऐनसरह' मानिने व्यवस्था छ, तर यसको अर्थ स्वेच्छाचारी वा गैरसंवैधानिक अध्यादेशले पनि स्वत: ऐनको शक्ति पाउँछ भन्ने होइन । केवल ती अध्यादेशहरू, जसले धारा ११४ का सम्पूर्ण सीमाहरू र सर्तहरूको पूर्ण पालना गरेका हुन्छन्, तिनलाई मात्रै ऐनसरह मान्यता दिन सकिन्छ । यदि कुनै अध्यादेश यसका सर्तहरूको पालना नगरी ल्याइएको छ भने, त्यसले ऐनसरहको कानुनी शक्ति प्राप्त गर्दैन र त्यस अवस्थामा कानुन व्याख्यासम्बन्धी ऐनको दफा ४ समेत आकर्षित गर्न मिल्दैन ।

माथिको समष्टिगत विवेचनाबाट के स्पष्ट हुन्छ भने संसद्को अधिवेशनको अनुपस्थिति मात्रै अध्यादेशको शक्ति अभ्यास गर्नका लागि कन्डिसन प्रिसिडेन्ट स्थापित हुँदैन । तत्काल केही गर्नुपर्ने अनपेक्षित, पूर्वानुमान नगरिएको परिस्थितिको विद्यमानता हुनुपर्छ । कानुनको रिक्तताको स्थितिलाई अध्यादेशमार्फत पूर्ति गर्नुको विकल्प नरहेको स्थापित हुनुपर्छ । संसद्को अर्को सत्र पर्खिंदासम्म ठूलो सार्वजनिक दुस्कृति सिर्जना हुने स्थिति वस्तुगत रूपमा देखिनुपर्छ ।

अर्थात् तत्काल उत्पन्न परिस्थितिको विद्यमानता हुनैपर्छ । सङ्कटकाल नै घोषणा गर्नुपर्ने अवस्था विद्यमान भएमा सङ्कटकाल घोषणा गरेर सङ्कटकालीन आदेश जारी गर्ने संवैधानिक प्रबन्ध छ । सङ्कटकाल घोषणा गर्ने अवस्था छैन, तर खास सार्वजनिक हितको सवाल उत्पन्न भयो, त्यसलाई सम्बोधन नगर्दा संवैधानिक उद्देश्य पूरा हुँदैन, संसद्बाट तत्काल कानुन बनाएर सम्बोधन गर्न सक्ने अवस्था पनि छैन भने अध्यादेश अपवादको रूपमा आकर्षित हुने हो ।

अध्यादेशको शक्ति प्रयोगका लागि संवैधानिक आवश्यकता स्थापित हुनैपर्दछ । प्रशासनिक तथा राजनीतिक सुगमताका लागि यसको दुरुपयोग संविधानत: स्वीकार्य हुँदैन । तसर्थ अहिलेको परिस्थितिमा जे-जस्ता विषयमा अध्यादेश जारी गर्न खोजिएका सङ्केतहरू देखिएका छन्, ती सर्वथा असंवैधानिक छन् । संवैधानिक, लोकतान्त्रिक, राजनीतिक, नैतिक कुनै हिसाबले पनि औचित्य पुष्टि हुँदैन । सुशासनको कार्यदिश सहित अस्तित्वमा आएको सरकारको दिमागमा यो सोच पलाउनु आफैँमा विडम्बनापूर्ण छ ।

तसर्थ, अध्यादेश राजको अभिलाषा परित्याग गरेर संसद्मार्फत जनताप्रति उत्तरदायी भएर लोकतान्त्रिक शासन सञ्चालनको दिशामा अग्रसर हुनुपर्छ । अन्यथा संसद्को अङ्कगणितले मात्रै सरकारको स्थायित्वको सुरक्षा हुनेछैन, न हिजो कसैलाई त्यसले सुरक्षित राखेको थियो । वैधता र विश्वसनीयता जोगाउने कुरा मुख्य हो ।

*(साभार: अनलाइनखबर)*

# गाउँ फर्क अभियान : सुकुम्बासी समस्या समाधानको दिगो समाधान

✍इन्द्रकुमार श्रेष्ठ

नेपालको वर्तमान सामाजिक-आर्थिक परिदृश्यलाई नियाल्दा दुई परस्पर विरोधी तर गहिरोरूपमा अन्तरसम्बन्धित समस्या स्पष्ट देखिन्छ- गाउँहरूको तीव्र सुनसान अवस्था र शहरहरूको असह्य भीडभाड । अवसरको खोजीमा गाउँबाट शहर र विदेशतर्फ बढिरहेको पलायनले केवल जनसंख्याको भौगोलिक वितरण मात्र होइन, उत्पादन, संस्कृति र सामुदायिक संरचनासमेत तहसनहस बनाइरहेको छ । एकातिर खेतबारी बाँझै छन्, घरहरू भग्नावशेषमा परिणत भए, अर्कोतिर उपत्यकाजस्ता शहरी क्षेत्रमा सुकुम्बासी बस्तीहरू अनियन्त्रित रूपमा फैलिँदै गए । यो विरोधाभास आफैँमा एउटा गम्भीर प्रश्न हो- के हामीले विकासको बाटो गलत दिशामा डोर्‍याइरहेका त छैनौं ?

केही दशकअघिसम्म हाम्रो देशको अवस्था आजको भन्दा बिल्कुलै भिन्न थियो । देशको अधिकांश भूभागमा यातायातको सहज व्यवस्था थिएन । त्यसैले, मानिसहरू जो जहाँ जन्मिए, त्यहीं बसिरहन्थे । बसाइँ सर्ने चलन कमै थियो । विदेश जाने त परको कुरा, गाउँबाट सदरमुकाम पुग्नु नै ठूलो यात्रा मानिन्थ्यो । मुख्य पेसा कृषि नै थियो र मानिसहरू आफ्नै माटोमा रमाउँथे । कोही जमिनदार थिए, कसैका एक टुक्रा जमिन पनि थिएन । यही यथार्थलाई बुझेर जग्गा-जमिनको न्यायपूर्ण वितरणका लागि २०२१ सालमा राजा महेन्द्रले भूमि सुधार योजनाको कार्यक्रम ल्याएका थिए । त्यस बेलाको नीतिले कृषिप्रधान समाजलाई टेवा पुर्‍याउने प्रयास गरेको थियो । तर, समय सधैँ उस्तै रहँदैन । विकासको गति र प्रविधिसँगै हाम्रा प्राथमिकताहरू फेरिए । समयक्रममा अवस्था पहिलेजस्तो रहेन । शिक्षा, स्वास्थ्य र रोजगारी यी तीन आधारभूत आवश्यकता गाउँमा सन्तोषजनकरूपमा उपलब्ध नभएपछि मानिसहरू बाध्य भएर शहरतिर लाम लाग्न थाले । बच्चाहरूलाई गुणस्तरीय शिक्षा दिलाउनुपर्ने दबाबले परिवारलाई शहरमा बसाइँ सर्न प्रेरित गर्छ, अनि त्यहीँबाट विदेश जाने ढोका खुल्छ ।

योसँगै कृषिको आकर्षण घट्दै गयो । पछिल्लो पुस्ता, विशेषत: जेनजीले कृषिलाई परम्परागत, कष्टकर र अलाभकारी पेसाको रूपमा हेर्न थाले । यो केवल मानसिकता मात्र होइन, राज्यको कमजोर नीतिगत प्राथमिकताको परिणाम पनि हो, जहाँ कृषिलाई अझैसम्म सम्मानजनक र लाभदायक व्यवसायका रूपमा स्थापित गर्न सकिएको छैन ।

परिणामत: गाउँ केवल 'बसोबासको ठाउँ' मात्र नभई 'छाडिने ठाउँ' बन्दै गयो । गाउँ रित्तिनुको असर सीधै शहरको जमिनमा पर्‍यो । शहरमा जनघनत्व बढ्दै जाँदा यहाँको जमिनको मूल्य आकाशियो र जग्गा प्लटिङको नयाँ व्यवसाय फस्टायो । गाउँमा जग्गा नभएकाहरू मात्र होइन, शहरको सुविधा खोज्दै र जग्गाको भाउ बढ्ने लोभमा शहर पसेकाहरूको संख्या पनि उत्तिकै छ । यो क्रम बढ्दै जाँदा उपत्यकाको सार्वजनिक जमिन, खोला किनार र सडकछेउका खाली जग्गाहरू कब्जा गर्ने होडबाजी नै चल्यो ।

यस सन्दर्भमा बागमतीलगायत उपत्यकाका किनारको सार्वजनिक जग्गाको अवस्था त झनै भयावह भयो । विभिन्न सञ्चारमाध्यममा आएअनुसार, यहाँ भित्रभित्रै एउटा यस्तो डरलाग्दो लुटको धन्दा चलिरहेको थियो, जुन समाजको भद्र अनुहारभन्दा पछाडि लुकेको थियो । विगत २५-३० वर्षदेखि बागमती किनारको सार्वजनिक जग्गामा कांग्रेस, एमाले, माओवादी लगायतका दलका नाममा खुलेयाम 'टोले नेता' (खासमा गुन्डा) र भूमाफियाहरूको राज थियो । यिनीहरूले सार्वजनिक जग्गा कब्जा गरेर भाडामा लगाउँथे ।

सुकुम्बासीको नाममा तिनीहरूले भाडा उठाएर खान्थे र त्यहाँ बनाइएका झुपडीहरू किनबेच गर्थे । यो एउटा संगठित गिरोह थियो, जसले गरिबको नाममा आफ्नो पेट भर्दै आएको थियो । त्यहाँ बसोबास गर्ने वास्तविक भूमिहीनहरूलाई समेत यी गुन्डाहरूले डर, धम्की देखाएर बन्धक बनाएका थिए । उनीहरूलाई राज्यको आधिकारिक सूचीकरणमा जानै दिइँदैनथ्यो । किनकि यदि सूचीकरण भयो भने उनीहरूको भाडाको धन्दा बन्द हुन्थ्यो । बाबुराम भट्टराईको पालामा बनाइएको अपार्टमेन्टमा कोही पनि जान नमान्नुको पछाडि यही माफियाहरूको डर र धम्की मुख्य कारण थियो । लुटको यो धन्दा यति खुला र स्पष्ट थियो कि मानिसहरूले यसलाई सामान्य ठान्न थालिसकेका थिए ।

'बालुवाटार जग्गा काण्ड' सार्वजनिक भएपछि त्यसमा ठूला पार्टी र ठूला नेताको नाम जोडियो । तर, पछिल्लो समय तीन दिनको अन्तरालमा जुन प्रकारले यो लुटको धन्दा अन्त्य भएको छ, त्यसले एउटा नयाँ आशा जगाएको छ । वास्तविक सुकुम्बासीहरूलाई यी गुन्डाहरूको चङ्गुलबाट मुक्त गरिएको छ । सुकुम्बासीको अव्यवस्थित बसाइ अब समाप्त भएको छ । अहिलेसम्मको व्यवहार हेर्दा सरकार निकै जिम्मेवार देखिएको छ । वास्तविक सुकुम्बासीहरू अन्तत: अपार्टमेन्टमा जाने भएका छन् र यस मामिलामा सरकारको विरोध गर्नुको कुनै औचित्य देखिँदैन । अब प्रश्न उठ्छ- के यो समाधान स्थायी हुन्छ त ? यसको जवाफ खोज्दा हामीले गाउँ र शहरको सम्बन्धलाई पुनरावलोकन गर्नै पर्छ । यथार्थलाई गहिरिएर हेर्दा समस्या स्रोतको अभावमा होइन, व्यवस्थापनको कमजोरीमा देखिन्छ । नेपालजस्तो सानो देशमा उत्पादनयोग्य जमिन प्रशस्त छ, तर त्यो प्रयोगविहीन छ ।

उपत्यकाबाट केही दूरी पार गरेपछि मुख्य सडकसँगै जोडिएका उर्वर जमिनहरू खाली छन्, घरहरू सुनसान छन् । २०७२ सालको भूकम्पपछि बनाइएका नयाँ घरहरूसमेत प्रयोगविहीन हुनु विडम्बनापूर्ण यथार्थ हो । यसले के सङ्केत गर्छ भने, हामीसँग आधारभूत संरचना हुँदाहुँदै पनि त्यसको उपयोग गर्ने स्पष्ट दृष्टिकोण र कार्यान्वयन क्षमता छैन । अबको बाटो भनेको 'गाउँ फर्कने अभियान' लाई पुन: जीवन्त बनाउनु हो । तर, यसका लागि व्यवहारमा देखिने परिणाममुखी कार्यक्रम आवश्यक छ । सहुलियत ऋण, प्राविधिक तालिम, आधुनिक कृषि उपकरण, बीउ-बिजन, सिँचाइ सुविधा र उत्पादनको सुनिश्चित बजार, यी सबै पक्षलाई समेटेर एउटा बृहत् प्याकेज ल्याउनुपर्छ ।

यदि कृषिलाई लाभदायक व्यवसायका रूपमा स्थापित गर्न सकियो भने, आज कृषिबाट टाढिएको युवा पुस्ता पनि पुन: आकर्षित हुन सक्छन् । यसका लागि सबैभन्दा पहिलो सर्त हो- वास्तविक सुकुम्बासीको पहिचान । हामीले यो यथार्थलाई स्वीकार्नै पर्छ कि उपत्यकामा बसिरहेका सबै व्यक्तिहरू भूमिहीन होइनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# भन्सारमा एमआरपी अनिवार्य गरिएपछि जाँचपास ठप्प, नाकामा रोकिए १ हजार कन्टेनर

काठमाडौं/सरकारले १५ वैशाखदेखि विदेशबाट आयात हुने सामानमा पनि अधिकतम खुद्रा मूल्य (एमआरपी) लेबल लगाउन अनिवार्य गरेपछि आयात हुने अधिकांश सामानको भन्सार जाँचपास ठप्प बनेको छ । ३० चैतमा वाणिज्य विभागले सूचना जारी गरी स्वदेशमा उत्पादित तथा आयातित तयारी वस्तुमा १५ वैशाखदेखि एमआरपी लेबल अनिवार्य गर्ने व्यवस्था जानकारी दिएको थियो । त्यो म्याद अनुसार मंगलबारदेखि एमआरपी उल्लेख नभएका कुनै पनि सामानको भन्सार जाँचपास नभएको संचारकर्मीले सम्पर्क गरेका अधिकांश भन्सार कार्यालयले जानकारी दिएका छन् ।

उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ को उपदफा ३ मा नेपालभित्र उत्पादित वस्तुका लागि उत्पादकले र विदेशबाट आयात गरिएका सामग्रीका हकमा आयातकर्ताले अनिवार्य नेपाली वा अंग्रेजी भाषामा एमआरपी उल्लेख गर्नुपर्ने व्यवस्था छ । कानुन अनुसार सर्वसाधारणले सहजै बुझ्न सक्ने गरी लेबलमा मूल्य नतोकिएका वस्तु बजारमा बिक्री वितरण गर्न पाइँदैन । मूल्य निर्धारण गर्दा वस्तुमा लाग्ने सम्पूर्ण करसमेत समावेश गरी एमआरपी तोक्नुपर्ने नियम छ । वस्तुको लेबलमा मूल्यका अतिरिक्त अन्य महत्त्वपूर्ण विवरण खुलाउनु पनि उत्तिकै अनिवार्य छ । यसमा वस्तुको तौल वा परिमाण, उत्पादन मिति, ब्याच नम्बर, उपभोग गरि सक्नुपर्ने अन्तिम मिति र प्रयोग गर्दा हुन सक्ने सम्भावित नकारात्मक असर (साइड इफेक्ट) सम्बन्धी जानकारी स्पष्ट रूपमा समावेश हुनुपर्छ ।

विशेषगरी हार्डवेयर, विद्युतीय उपकरण वा मेसिनरी सामानका हकमा ग्यारेन्टी वा वारेन्टी अवधि, सामान टुटफुट हुने वा प्रज्ज्वलनशील हुने जोखिमबारे सचेत गराउनुपर्ने प्रावधान छ । स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने वस्तुमा भने अनिवार्य चेतनामूलक सन्देश वा चित्र राख्नुपर्ने व्यवस्था छ । यस्ता कानुनी प्रावधान पालना नगर्ने वा अटेर गर्ने व्यवसायीका लागि ऐनले कडा दण्ड व्यवस्था गरेको छ, जस अन्तर्गत ३ लाख रुपैयाँसम्म जरिबाना हुन सक्छ । तर, कानुनमा कडा व्यवस्था भए पनि यसको व्यावहारिक कार्यान्वयनमा भने चुनौती देखिएका छन् ।

बालेन सरकारले १४ चैतमा सार्वजनिक गरेको आफ्नो शासकीय सुधारका १ सय बुँदे कार्यसूचीमा बजारको प्रभावकारी नियमन र एमआरपीको अनिवार्य कार्यान्वयनलाई विशेष प्राथमिकतामा राखेको थियो । सरकारले शासकीय सुधारका लागि सार्वजनिक गरेको यस सूचीमा भन्सार प्रणाली सहजीकरण गर्ने र वाणिज्य तथा उपभोक्ता संरक्षण सम्बन्धी कार्य अलग गरी सघन अनुगमन मार्फत एमआरपी लागु गर्ने बताएको थियो । सोही अनुसार ३० चैत २०८२ मा वाणिज्य विभागले १५ दिनको समय दिएर १५ वैशाख २०८३ देखि एमआरपी कार्यान्वयन लागु हुने सूचना जारी गरेको थियो ।

वाणिज्य विभागको सोही पत्रमा खाद्य सामग्रीमा उत्पादन र उपभोग्य मिति तथा तयारी वस्तुमा ब्रान्ड र एमआरपी अनिवार्य हुनैपर्ने विषय उल्लेख छ । हिजो मंगलबार देखि यस्तो म्याद सकिएको छ । सरकारकै निर्देशन अनुरूप देशका प्रमुख भन्सार नाका वीरगञ्ज, भैरहवा, विराटनगर, रसुवा, नेपालगञ्ज, काँकडभिट्टा भन्सार कार्यालयबाट एमआरपी र तोकिएको मापदण्ड नपुगेका तयारी सामान जाँचपास पूर्णरूपमा रोकिएको छ । भन्सार जाँचपास ठप्प छ भने भन्सार बिन्दुमै १ हजार बढी मालवाहक गाडीहरू थन्किएका छन् । तिनमा वीरगञ्जमा मात्र ६ सय हाराहारी कन्टेनर रोकिएका छन् । अन्यमा २० देखि १ सयसम्म कन्टेनर अड्किएका छन् ।

तयारी वस्तुको जाँचपास रोकिए पनि देशैभरिका भन्सार नाकाबाट अत्यावश्यक र औद्योगिक सामग्री भने विनारोकटोक पास भइरहेको सम्बन्धित भन्सार कार्यालयले जनाएका छन् । चार वटा भन्सार कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूका अनुसार



फलफूल, हरियो तरकारी र लसुनजस्ता चाँडै सड्ने र गल्ने वस्तु, क्रुड पाम आयल लगायत औद्योगिक कच्चापदार्थ, जलविद्युत् आयोजनाका सामग्री र मिल मेसिनरीका सामानको जाँचपास भने नियमित भइरहेको छ । माथिल्लो निकायबाटै यो नियम कार्यान्वयन गर्न भनिएकाले मापदण्ड नपुगेका सामान जाँचपास गर्न नसकिने वीरगञ्ज भन्सारका भन्सार अधिकृत उदयसिंह विष्टले बताए । तर, भन्सारमा आइसकेका सामानमा 'अहिले कसरी एमआरपी टाँस्ने वा प्रकाशन गर्ने' भन्ने अन्योलमा आयातकर्ता भएको उनको भनाइ छ ।

नियम पुगेका सामानको मात्र जाँचपास भइरहेको र एमआरपी उल्लेख नभएका वस्तुको जाँचपास नभएको भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए । उत्तरी नाका रसुवागढीमा चिनियाँ तयारी पोसाक र जुत्ताचप्पल बोकेका करिब २० कन्टेनर रोकिएको र सुवा भन्सारका सूचना अधिकारी ठाकुर गौतमले जानकारी दिए । एमआरपी नभएका कारण गाडी रोकिने र जरिबाना तिर्नुपर्ने डरले व्यवसायीले भन्सार प्रज्ञापनपत्र (घोषणा फारम) नै भर्न नमानेको उनको भनाइ छ । वाणिज्यको कार्ययोजना हुबहु कार्यान्वयन भइरहेको विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठले बताए । आयातकर्ताहरू सामान छुटाउन आए पनि कानुन कार्यान्वयन गर्ने क्रममा एमआरपी नभएका सामान भन्सारले जाँचपास गर्न सक्ने अवस्था नरहेको उनले स्पष्ट पारे ।

सरकारले उपभोक्तालाई ठगिनबाट बचाउन र बजार मूल्य नियन्त्रण गर्न भन्सार बिन्दुमै एमआरपी र लेबल अनिवार्य गर्ने सकारात्मक नीति लिए पनि पूर्वतयारी र स्पष्ट कार्यविधि अभाव भएको भन्दै व्यवसायीले भने विरोध गरिरहेका छन् । उनीहरूले एमआरपी कार्यान्वयन गर्न नसकिने भन्दै पटक-पटक उद्योगमन्त्री र वाणिज्य विभागका महानिर्देशकलाई भेटघाट गरी पत्र पनि बुझाएका छन् । तर, यसपालि भने सरकार जसरी पनि एमआरपी कार्यान्वयन गराएरै छाड्ने अडानमा छ । सरकारले आयातित वस्तुमा भन्सार बिन्दुमै एमआरपी र लेबलिङ अनिवार्य गरेपछि उत्पन्न परिस्थितिप्रति नेपाल समुद्रपार निकासी पैठारी संघले आपत्ति जनाएको छ । पूर्वतयारी र पूर्वाधारविना हचुवा भरमा नियम लागु गरिँदा भन्सारमा मालसामान ठप्प भएको र व्यवसायी त्रसित अवस्थामा पुगेको संघ महासचिव जयन्त अग्रवाल बताउँछन् ।

वाणिज्य विभागले एमआरपी लागु गर्ने विषयमा व्यवसायीसँग सहमति भएको बताइरहे पनि महासचिव अग्रवालले त्यसको खण्डन गरे । 'हामीले यो नियम कार्यान्वयन गर्न प्राविधिक र व्यावहारिक रूपमा असम्भव छ भनेर वाणिज्य विभागलाई लिखित पत्र नै बुझाएका थियौं,' उनले भने, 'तर, हाम्रो सहमतिविनै एक्कासि भन्सारमा सामान रोकियो ।'

**"नेपालका लागि विदेशी कम्पनीले छुट्टै प्याकेजिङ गर्दैनन्"**

महासचिव अग्रवालले नेपालको अर्थतन्त्र सानो भएका कारण विदेशी कम्पनीहरूले नेपालकै लागि भनेर छुट्टै एमआरपी र लेबल सहितको प्याकेजिङ नगरिदिने यथार्थ सरकारले बुझ्न नसकेको गुनासो गरे । 'कुनै पनि विदेशी कम्पनीले हाम्रो सानो बजारका लागि लेबलिङ गरेर सामान पठाउँदैनन्, डलर र युरोमा सामान आउँछ, भन्सार आइपुग्दासम्म त्यसको मूल्यमा ठूलो अन्तर आइसकेको हुन्छ,' उनले भने । अग्रवालका अनुसार भन्सार कार्यालयमा व्यवसायी आफैंले एमआरपी टाँस्नका लागि कुनै पनि पूर्वाधार छैन । 'सिल प्याक भएर आएका कन्टेनर कहाँ खोल्ने ? रेफ्रिजिरेटर (कुलिङ) कन्टेनरमा आएका सामान खोल्न भन्सारमा वातानुकूलित ठाउँ खोइ ?,' उनले प्रश्न गरे ।

भन्सारमा सामान रि-प्याकेजिङ गर्दा लाग्ने डेमरेज र डिटेन्सन चार्ज (विलम्ब शुल्क) ले वस्तुको लागत अत्यधिक बढ्ने र त्यसको मार अन्तत: उपभोक्तामै पर्ने उनले बताए । हिजोदेखि एक्कासि देशभरिका भन्सार नाकामा काम ठप्प हुँदा व्यवसायीहरू मानसिक तनावमा परेको संघले जनाएको छ । 'कतिपय सामान सिपिङ (पानीजहाज) को बाटोमा छन्, कतिको एलसी खुलिसकेको छ,' उनले भने, 'अहिले मध्यपूर्वको तनावले लजिस्टिक खर्च त्यसै बढेको छ, यस्तो बेला भन्सारमा आएका र बाटोमा भएका सामानको के हुने भन्ने चिन्ताले व्यवसायी त्रसित छन् ।' व्यवसायीहरू नियम मान्दै नमान्ने पक्षमा नरहेको तर कार्यान्वयनको तरिका व्यावहारिक हुनुपर्ने महासचिव अग्रवालको भनाइ छ । 'हाम्रो माग स्पष्ट छ- कुन वस्तुमा एमआरपी लाउन सकिन्छ र कुनमा सकिँदैन भनेर पहिले वस्तुको वर्गीकरण गरिनुपर्छ,' उनले भने, 'त्यसपछि भन्सार बिन्दुमा नभई व्यवसायीको गोदाममा मालसामान आएपछि पहिलो बिक्री बिन्दुमा एमआरपी र लेबलिङ गर्न पाउनुपर्छ ।'

**"भन्सारमा जरिबाना तिरेर सामान छुटाउन सकिँदैन"**

वीरगञ्ज उद्योग वाणिज्य संघ अध्यक्ष हरिप्रसाद गौतमले पूर्वतयारी र स्पष्ट कार्यविधिविनै ल्याइएको यो नीति 'पूर्णत: अव्यावहारिक' रहेको बताए । अध्यक्ष गौतमले भन्सार बिन्दुमै एमआरपी टाँस्ने कुरा प्राविधिक र व्यावहारिक रूपमै असम्भव रहेको दाबी गरे । 'एउटा कन्टेनरमा लाखौं पिस सामान हुन्छन्, भन्सारमा कन्टेनर खोलेर एउटा-एउटा सामानमा एमआरपी टाँस्न कसरी सम्भव हुन्छ ?,' उनले भने, 'विदेशी उत्पादकले नेपालको सानो बजारका लागि छुट्टै प्याकेजिङ र लेबलिङ नगर्ने यथार्थ सरकारले बुझेर पनि नबुझे झैं गऱ्यो ।'

एमआरपी तोक्ने नीतिले भौगोलिक दुरी र ढुवानी लागत पूर्णरूपमा बेवास्ता गरेको गौतमको भनाइ छ । 'वीरगञ्जमा ८ सय रुपैयाँ पर्ने सिमेन्ट जुम्ला पुग्दा ढुवानी खर्चले १६ सय रुपैयाँ पुग्छ, त्यसमा मैले ८ सय एमआरपी लेख्ने कि १६ सय ?,' उनको प्रश्न छ । साथै, डलरको विनिमय दरमा हुने दैनिक उतारचढाव र दाल, चामलजस्ता कृषि उपजको बदलिइ रहने मूल्यका कारण पनि एमआरपी तोक्न नसकिने उनको भनाइ छ । सरकारले अभिभावकको भूमिका खेल्नुको सट्टा व्यवसायीलाई पेल्न खोजेको भन्दै अध्यक्ष गौतमले जरिबाना तिरेर भन्सारबाट सामान नछुटाउने चेतावनी दिए ।

'विनागल्ती ३ लाखसम्म जरिबाना तिराउने र गल्ती स्वीकारेको कागज गराउने कुरा हामीलाई मान्य छैन,' उनले भने, 'भन्सारमा सामान थुप्रिएर बस्दा हुने नोक्सानीको सम्पूर्ण दायित्व अब सरकारले लिनुपर्छ ।' यो नियमलाई अन्धाधुन्ध सबै मालवस्तुमा लाद्नुभन्दा भारतमा जस्तै 'फास्ट मुभिङ कन्जुमर गुड्स' अर्थात् दैनिक उपभोग्य तयारी वस्तुमा मात्र लागु गर्नुपर्ने अध्यक्ष गौतमको सुझाव छ ।

**आफ्नै गोदाममा लेबलिङ गर्न दिन मोरङ व्यापार संघको माग**

मोरङ उद्योग व्यापार संघले मालसामान आयातकर्ताको आफ्नै गोदाममा ल्याएपछि मात्र एमआरपी टाँस्न पाउनुपर्ने माग गरेको छ । संघ अध्यक्ष अनुपम राठीले भन्सार बिन्दुमै एमआरपी तोक्दा लागत र मूल्य निर्धारणमा गम्भीर समस्या हुने बताए । 'डलरको विनिमय दर र ढुवानी भाडामा निरन्तर उतारचढाव हुन्छ,' उनले भने, 'अर्डर गर्दा एउटा लागत हुन्छ, भन्सारमा आइपुग्दा अर्को भइसक्छ, अनि अगाडि नै एमआरपी कसरी तोक्ने ?'

त्यसैगरी भन्सार शुल्क (१५ प्रतिशत) र भ्याट (१३ प्रतिशत) गरी सुरुमै २८ प्रतिशत कर लाग्ने, त्यसपछि आन्तरिक ढुवानी, थोक विक्रेता र खुद्रा विक्रेताको मार्जिन जोड्दा भन्सारमै एमआरपी यकिन गर्न नसकिने उनको तर्क छ । साथै, भन्सारले एमआरपीकै आधारमा मूल्यांकन गर्न खोज्दा थप जटिलता थपिएको उनले बताए । उपभोक्ता नठगिउन् भन्ने सरकारको उद्देश्यमा निजी क्षेत्रको पूर्ण समर्थन रहेको स्पष्ट पार्दै अध्यक्ष राठीले यसको कार्यान्वयन व्यावहारिक हुनुपर्नेमा जोड दिए ।

**सरकारी निकायबीच नै छैन समन्वय**

सरकारी निकायबीच न्यूनतम अन्तरनिकाय समन्वय नहुँदा व्यवसायीहरू अन्योलमा परेको नेपाल राष्ट्रिय व्यवसायी महासंघले बताएको छ । अर्थ मन्त्रालय, वाणिज्य विभाग र भन्सार विभागबीच एउटै नीतिमा तीन थरी कुरा बाझिँदा मालवस्तुको जाँचपास पूर्णरूपमा ठप्प भएको महासंघ अध्यक्ष मनोजबाबु श्रेष्ठले बताए । सरकारले एमआरपीको बाहानामा व्यवसायीलाई 'भ्यालुएसन' को पासोमा पार्न खोजेको गम्भीर आरोप उनले लगाए ।

'वाणिज्य विभागले उपभोक्ता हितका लागि भन्दै परिपत्र गर्छ, भन्सार विभागले त्यसैलाई टेकेर एमआरपी नभई जाँचपास गर्दिनँ भन्छ, अनि अर्थ मन्त्रालयको आफ्नै कुरा छ,' श्रेष्ठले भने, 'यी तीन निकायबीच नै कुनै समन्वय छैन, एउटै सरकारका अंगहरूबीच तादात्म्य नहुँदा हामीले कसरी काम गर्ने ?' भन्सार विभागले 'सन्दर्भ मूल्य पुस्तिका खारेज' गरेपछि अब एमआरपीकै आधारमा भन्सार मूल्यांकन गर्न खोजेको उनको दाबी छ ।

'कुनै मालसामान भन्सारबाट निस्केर गोदाम, होलसेल हुँदै खुद्रा व्यापारीसम्म पुग्दा ढुवानी र सबैको मार्जिन जोडिएर एमआरपी तय हुन्छ,' उनले भने, 'तर, भन्सारले त्यही अन्तिम मूल्य (एमआरपी) लाई आधार मानेर सुरुमै भन्सार कर लगाउन खोज्नु पूर्णत: अव्यावहारिक छ ।' हाल भन्सारका दरहरू अत्यन्तै उच्च रहेकाले यस्तो नीतिले भन्सार राजस्व घट्ने र चोरी-निकासी तथा न्यून बिजकीकरणलाई झन् प्रश्रय दिने चेतावनी उनको छ । अध्यक्ष श्रेष्ठ सरकारले उपभोक्ता संरक्षण ऐन २०७५ को मर्मविपरीत यो नियम सबै वस्तुमा लाद्न खोजेको बताउँछन् ।

'ऐन आउँदा अति आवश्यक वस्तु र औषधिजन्य पदार्थमा मात्र एमआरपी लगाउने कुरा थियो, अहिले जुत्ताचप्पल, कस्मेटिक, लत्ताकपडादेखि सबै थोकमा लगाउन खोजिएको छ,' उनले भने, 'विश्वका ३/४ वटा देशबाहेक अन्यत्र यसरी सबै प्लास्टिकका सामान वा लत्ताकपडामा एमआरपी लगाउने चलन नै छैन, चिनियाँ उत्पादकलाई हाम्रो सानो बजारका लागि एमआरपी लेखिदेऊ भन्दा उनीहरूले सुन्दैनन् ।'

**८ वर्षसम्म सुतेको सरकार, एक्कासि ब्युझिँदा भद्रगोल**

सिद्धार्थ उद्योग वाणिज्य संघ सरकारले वर्षौंदेखि थन्किएको कानुन विना कुनै पूर्वतयारी र प्रशिक्षण एक्कासि ब्युँझाएर लाद्न खोज्दा गम्भीर संकट उत्पन्न भएको जनाउँछ । संघ अध्यक्ष नेत्र आचार्यले आयातकर्ता मात्र नभई भन्सार एजेन्टहरूले समेत यो अव्यावहारिक नियमभित्र रहेर काम गर्न नसक्ने हात उठाएका कारण हिजोदेखि भन्सार जाँचपासको काम पूर्णरूपमा ठप्प भएको बताए ।

अध्यक्ष आचार्यले उपभोक्ता संरक्षण ऐन २०७५ मा भएको व्यवस्थालाई सरकारले ८ वर्षसम्म बेवास्ता गरेको र अहिले आएर हचुवा भरमा लागु गर्दा भद्रगोल अवस्था सिर्जना भएको आरोप लगाए । '२०७५ सालमा बनेको कानुनबारे सरकार ८ वर्षसम्म चुप लाग्यो, यो बीचमा न व्यवसायीलाई कुनै प्रशिक्षण दिइयो, न त सचेतना नै जगाइयो,' आचार्यले भने, 'पूर्वसूचना र तयारीविनै एक्कासि आजको भोलि नै एमआरपी चाहिन्छ भन्दा व्यवसायीले कसरी काम गर्न सक्छन् ?' अध्यक्ष आचार्यले उठाएको अर्को गम्भीर विषय भनेको 'प्रतीतपत्र (एलसी)' खोलेर आयात प्रक्रियामा रहेका सामानको बिचल्ली हो ।

एक-दुई महिनाअघि नै एलसी खोलेर बाटोमा आइसकेका सामानमा अहिले आएर भन्सार बिन्दुमा एमआरपी खोज्नु न्यायोचित नभएको उनको भनाइ छ । साना व्यवसायीको आयात प्रकृतिलाई सरकारले नबुझेको आचार्यको ठहर छ । ठूला एजेन्सीले ल्याउने एकैखाले सामानमा एमआरपी प्रिन्ट गर्न सहज भए पनि साना व्यवसायीले ल्याउने 'एकीकृत कार्गो' मा त्यो सम्भव नरहेको उनले बताए । 'हाम्रा खुद्रा व्यवसायीले चीन वा तेस्रो मुलुकका १० वटा पसलबाट ५/७ प्रकारका सामान किनेर एउटै कन्टेनरमा हालेर ल्याउँछन्, ती विभिन्न सप्लायरलाई नेपालको एमआरपी कानुन थाहा पनि हुँदैन र उनीहरूले प्रिन्ट पनि गरिदिँदैनन्,' आचार्यले भने, 'यस्तो सामान ल्याएर भन्सारमा कन्टेनर घोप्ट्याएर एउटा-एउटा सामानमा लेबलिङ गर्न सम्भव नै छैन ।' उपभोक्तालाई ठगिनबाट जोगाउने सरकारको नियतमा खोट नभए पनि कार्यान्वयन शैली पूर्णत: गलत रहेको संघको दाबी छ ।

**राज्यको कानुनलाई चुनौती दिने छुट कसैलाई छैन : विभाग**

वाणिज्य विभागले स्वदेशी तथा विदेशी दुवै प्रकारका सामग्रीमा एमआरपी अनिवार्य गर्ने निर्णयबाट सरकार पछि नहट्ने स्पष्ट पारेको छ । विभागका निर्देशक तथा सूचना अधिकारी नरहरि तिवारीका अनुसार लामो समयदेखि व्यवसायीहरूले लेबल लगाउने प्रक्रियालाई बेवास्ता गर्दा बजार व्यवस्था असहज बनेको छ । सबै आयातकर्ताले अनिवार्य कानुनी प्रणालीभित्रै रहेर काम गर्नुपर्ने र राज्यको कानुनलाई चुनौती दिने छुट कसैलाई नभएको उनले स्पष्ट पारे ।

'व्यवसायीहरूले नयाँ पद्धतिमा अभ्यस्त नहुँदा केही अप्ठ्यारो महसुस गरेको हुन सक्छ, तर कानुन मान्दिनँ भन्न कसैलाई छुट छैन,' उनले भने, 'वर्षौंदेखि ऐनलाई बेवास्ता गरिएकाले नै अहिले बजारमा बेथिति बढेको हो, त्यसैले अब सबै आयातकर्ता प्रणालीमा आउनैपर्छ ।' उनले यो व्यवस्थालाई कडाइसाथ लागु गर्ने र अब एमआरपीविना सामान बजारमा पठाउन सम्भव नहुने बताए । उनका अनुसार यो विषयमा प्रधानमन्त्री कार्यालयदेखि वाणिज्य मन्त्रालयसम्म छलफल भइसकेको छ र सरकार आफ्नो निर्णयमा अडिग छ । 'हिजो सरकार कमजोर थियो होला, तर आज सरकार यो विषयमा दृढ छ, प्रधानमन्त्रीज्यूको १ सय बुँदे कार्ययोजनामा समेत यसको प्रभावकारी कार्यान्वयन गर्ने र सघन अनुगमन गर्ने भनेर राखिएको छ,' तिवारीले भने ।

विभागको यो अडानसँगै अब आयातित वस्तुहरू भन्सारबाट जाँचपास हुनुअघि नै अनिवार्य एमआरपी उल्लेख भएको स्टिकर वा ट्याग लगाउनुपर्ने छ । यसले बजारमा हुने मूल्यमा मनोमानी नियन्त्रण गर्न मद्दत पुग्ने सरकारी विश्वास छ ।

*(स्रोत: अनलाइनखबर)*

# चेपाङ बसोबास क्षेत्रलाई समेटेर नयाँ स्थानीय तह गठन गर्न माग



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ चेपाङ समुदायको पहिचान संरक्षण हुनेगरी स्थानीय तह पुनर्संरचना गर्नुपर्ने माग गर्दै नेपाल चेपाङ संघ केन्द्रीय कार्यकारिणी समितिले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

बुधबार हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेका संघका प्रतिनिधिले चेपाङ बसोबास रहेका क्षेत्रलाई समेटेर नयाँ स्थानीय तह गठन गर्नुपर्ने तथा ती पालिकाको नामकरण चेपाङ भाषामा गर्नुपर्ने माग अघि सारेका हुन् । संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङ, महासचिव सन्तबहादुर चेपाङ सहितको टोलीले ध्यानाकर्षणपत्र मार्फत चेपाङ बाहुल्य रहेको चितवन, धादिङ र मकवानपुर जिल्लाका वडा समेटेर छुट्टाछुट्टै गाउँपालिका गठन गर्न प्रस्ताव गरेका छन् । प्रस्ताव अनुसार चितवनको इच्छाकामना गाउँपालिका-१ र २ नम्बर वडा, कालिका नगरपालिका वडा नम्बर १० र ११ तथा राप्ती नगरपालिका वडा नम्बर १०, ११, १२ र १३ लाई समेटेर 'झोरालाङ गाउँपालिका' बनाउन माग गरिएको छ ।

धादिङको बेनीघाट रोराङ गाउँपालिका-१, २, ६, ८, ९ र १० तथा गजुरी गाउँपालिका वडा नम्बर ३ र ४ लाई समेटेर 'रोराङ गाउँपालिका' बनाउन संघले आग्रह गरेको छ । मकवानपुरको राक्सिराङ गाउँपालिका अन्य गाउँपालिका वा नगरपालिकामा गाभिने अवस्था आएमा हालको चेपाङ भाषामा रहेको नाम यथावत राख्नुपर्ने माग गरिएको छ । यसकासाथै नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा (५) बमोजिम चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरक्षणका लागि चितवन, मकवानपुर, धादिङ र गोरखाका चेपाङ बाहुल्य क्षेत्रमा 'चेपाङ संरक्षित क्षेत्र' घोषणा गर्नुपर्ने माग राखिएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले चेपाङ समुदायको विशेष पर्वका अवसरमा बिदा दिँदै आएको उल्लेख गरे । स्थानीय तहसँग समन्वय गरेर समुदायको हितमा प्रदेश सरकारले आवश्यक काम गर्ने प्रतिबद्धता पनि उनले जनाए । २०७८ सालको जनगणनाअनुसार नेपालमा चेपाङ समुदायको कुल जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ । यसमध्ये करिब ८० प्रतिशत बागमती प्रदेशमा बसोबास गर्छन् । मकवानपुर जिल्लामा १९ हजार २ सय ३३ जना चेपाङको बसोबास रहेको तथ्यांक छ ।

# सर्लाहीबाट सुरु भयो 'जुबा'को छायांकन, मुख्य भूमिकामा सौगात




काठमाडौं/अभिनेता सौगात मल्लको मुख्य भूमिका रहने फिल्म 'जुबा'को छायांकन सुरु गरिएको छ । मंगलबार सर्लाहीको एक मन्दिरमा विशेष पूजाआजा गर्दै शुभ मुहूर्त गरेपछि बुधबारबाट फिल्मको छायांकन थालिएको हो । सर्लाहीमा ७ दिनसम्म फिल्मको छायांकन हुने जनाइएको छ । यसपछि काठमाडौं र भारतको राजस्थानमा छायांकन गरिनेछ ।

प्रकाश कर्णाको लेखन तथा निर्देशनमा बन्ने यस फिल्ममा सौगातको जोडी सोफी धरेलसँग बाँधिएको छ । सोफीले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यू गर्न लागेकी हुन् । फिल्ममा सुधन पोखरेल र जीवन भट्टराईको पनि मुख्य भूमिका रहनेछ । अन्य कलाकारहरूको बारेमा भने निर्माण पक्षले जानकारी दिएको छैन ।

फिल्मको छायांकन सुरु हुनुभन्दा ८ महिनाअघि नै सौगात सहितका कलाकारहरूको पोस्टर मार्फत पात्र लुक्स सार्वजनिक गरिएको थियो । पोस्टरमा सौगात जुँगा र लामो कपालसहित देखिएका थिए । एक पोस्टरमा उनले घुँडा टेकेर क्यामेरालाई नमस्कार गरेको दृश्य समेत थियो, जसले फिल्ममा उनी कलाकारकै भूमिकामा देखिन लागेको संकेत गर्छ ।

करिब ५० को दशकको कथावस्तुमा बन्न लागेको यस फिल्मको पटकथा तथा संवाद वर्षा पौडेलले लेखेकी हुन् । अस्त्र फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन प्रमोद प्रधानले गर्नेछन् । उनले 'दक्षिणा', 'त्रिशूली', 'अन्याय', 'चिनो', 'कोसेली' जस्ता नेपाली र 'देवदास', 'रङ दे बसन्ती', 'भाग मिल्खा भाग' जस्ता भारतीय फिल्मको छायांकन गरिसकेका छन् ।

# भदौमा फिल्मको चाङ, जनै पूर्णिमामा मात्र ५ फिल्म

काठमाडौं/फिल्म प्रदर्शनको उच्च चाप हुने महिनामध्ये भदौ पनि एक मानिन्छ । जनै पूर्णिमा, कृष्ण जन्माष्टमी र तीज गरी तीनवटा पर्व यो महिनामा पर्ने भएकाले फिल्म रिलिजका लागि निर्माताहरूबीच ठूलै हानाथाप हुने गरेको छ । केही वर्षयता यो महिनामा आधा दर्जनभन्दा बढी फिल्म रिलिज हुँदै आएका छन् । गत वर्षको भदौमा मात्र ८ वटा फिल्म प्रदर्शन भएका थिए ।

यस वर्षको भदौमा भने फिल्म रिलिजको चाप एक दशकयताकै उच्च हुने देखिएको छ । अहिलेसम्म ११ वटा फिल्मले भदौलाई प्रदर्शन मिति तय गरि सकेका छन् । बक्स अफिसमा सबैभन्दा ठूलो भिडन्त भने भदौ १२ गते हुने देखिन्छ । जनै पूर्णिमा तथा रक्षा बन्धनको सार्वजनिक विदा परेको यो मितिमा ५ वटा फिल्म प्रदर्शन हुने तयारीमा छन् ।

भदौ १२ गतेलाई प्रदर्शन मिति तय गरेका फिल्महरूमा 'बेहुली', 'मास्टर्नी', 'पार्वती', 'जदौ', र 'ग्रेट' रहेका छन् । 'बेहुली'बाहेक अन्य फिल्मको छायांकन पूरा भइसकेको छ । यी फिल्महरू रिलिज भएको अर्को साता अर्थात् १९ भदौमा भने तीन फिल्म हलमा लाग्नेछन्, 'स्टेशन', 'ककाकिकी' र 'बा: एक योद्धा' । यसमध्ये छायांकन हुन बाँकी फिल्म 'स्टेशन' मात्र हो ।

भदौको अन्तिम साता पनि तीनवटा फिल्म प्रदर्शनमा आउँदैछन् । 'माया भनेकै यस्तै होला', 'पेन्सन पट्टा' र 'टिका'ले २६ भदौलाई प्रदर्शन मिति तय गरेका छन् । यसरी हेर्दा भदौमा हलहरू नेपाली फिल्मले नै भरिने देखिन्छ । अब यीमध्ये कुन फिल्म रिलिज हुन्छन् र कुन पछाडि हट्छन्, त्यो भने हेर्न बाँकी छ । तर, अहिलेसम्म कुनै निर्माता आफ्नो निर्णयबाट टसमस भएका छैनन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा पूर्वाधार योजनाले गति लियो

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत लामो समयदेखि रुग्ण (अलपत्र) अवस्थामा रहेका ४३ वटा योजनामध्ये ३४ वटाको निर्माणकार्य पुन: सञ्चालनमा आएको छ ।

मन्त्रालयको 'रुग्ण आयोजना पहिले सक्ने' नीतिअनुरुप पूर्वाधार विकास कार्यालय मकवानपुर अन्तर्गत् पर्ने मकवानपुरगढीको सामरी, सिक्रेदोभान, लालझाडी पुल, राप्ती करिडोरलगायतका कामले तीव्रता पाएको हो । यसै सन्दर्भमा, हेटौंडा उपमहानगर क्षेत्रभित्र सञ्चालनमा आएका योजनाको पछिल्लो अवस्था बुझ्न बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा.दिनेशचन्द्र देवकोटाले स्थलगत अनुगमन गरेका छन् ।



उनले मंगलबार हेटौंडा-१ स्थित लालझाडी जोड्ने पुल, राप्ती करिडोर, वडा नं. ६ को भाङटार पुल, हेटौंडा चक्रपथ (रिङरोड) अन्तर्गत वडा नं. १५ को खहरे ढलान र वडा नं. १७ स्थित कर्रा खोला पुलको निर्माणाधीन संरचनाको निरीक्षण गरे । अनुगमनका क्रममा मन्त्री डा. देवकोटाले सुरु भइसकेका योजना तोकिएको समयसीमाभित्रै सम्पन्न गर्न र रोकिएका योजना तत्काल अगाडि बढाउन निर्देशन दिए । उनले समयमै काम सम्पन्न गर्न आवश्यकता अनुसार कामदार थप्न निर्माण व्यवसायीलाई आग्रह गर्दै भने, 'जनतालाई प्रत्यक्ष लाभ हुने कुरामा हामी ढिलासुस्ती चाहँदैनौं । गुणस्तर हाम्रो पहिलो प्राथमिकता हो, त्यसमा कुनै सम्झौता हुँदैन । अझै कामदार थप्नुस्, समयमै काम सम्पन्न गरेर भुक्तानी लिनुस्, भुक्तानीमा कुनै समस्या हुनेछैन ।'

अनुगमन गरिएका आयोजनामध्ये हेटौंडा उपमहानगर पालिका वडा नं. ६ र ७ जोड्ने भाङटार खहरेखोलाको बक्सपुल निर्माण अन्तिमचरणमा पुगेको छ । यसअघि उपमहानगरपालिकाले सुरु गरेर पूरा गर्न नसकेको यो पुल बागमती प्रदेश सरकारले करिब १ करोड ७९ लाख रुपैयाँ विनियोजन गरेपछि निर्माण सम्पन्न हुने अवस्थामा पुगेको हो । करिब १८ मिटर लम्बाइ र ८.४० मिटर चौडाइ रहेको यस पुलको अब रेलिङ राख्ने काम मात्रै बाँकी छ । यस योजनाअन्तर्गत ७६० घनमिटर जालीको काम सकिएको छ भने २७० घनमिटर प्लम वालको काम अन्तिमचरणमा छ । निर्माणको जिम्मा पाएको सरस्वती निर्माण सेवाले २०८३ जेठ १५ को म्याद अगावै पुल हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएको छ ।

डिजाइनमा समस्या हुँदा सुस्त बनेको हेटौंडा-१ स्थित राप्ती खोलामा लालझाडी जोड्ने पुलको कामले पनि गति लिएको छ । पूर्वाधार विकास कार्यालय मकवानपुरका सवइन्जिनियर रवीन्द्र यादवका अनुसार डिजाइन सुधारपश्चात् तीनमध्ये दुई स्पानको ढलान सकिएको छ भने आगामी साताबाट तेस्रो स्पानको काम सुरु हुनेछ । शिवशक्ति-सिद्धार्थ-शिवम जेभीले २०७८ जेठ १८ मा ८ करोड ४७ लाख रुपैयाँमा सम्झौता गरेको यो पुल १२० मिटर लामो र ११ मिटर चौडा छ । डिजाइन सुधारपछि लागत ९ करोड ३२ लाख पुगेको यस पुलको हालसम्म ५९ प्रतिशत भौतिक प्रगति भएको छ भने ५ करोड ७६ लाख रुपैयाँ भुक्तानी भइसकेको छ ।

चौकीटोलदेखि राप्ती पुलसम्मको २.३४ किलोमिटर राप्ती करिडोर निर्माणको काम डिजाइन र सीमा विवाद समाधान भएपछि धमाधम भइरहेको छ । गजुरमुखी-शिवशक्ति-निशान जेभी काठमाडौंले २०७६ सालमा ठेक्का लिएको यस योजनाको लागत १३ करोड ८४ लाख रुपैयाँ रहेको छ । फिल्ड इन्जिनियर यादवका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ६३ प्रतिशत पुगेको छ भने ९ करोड ६१ लाख रुपैयाँ भुक्तानी भइसकेको छ । चक्रपथ परियोजना अन्तर्गत् हेटौंडा-१४ र १५ को खहरेमा ८५० मिटर ढलान, फुटपाथ ग्रेड र ग्याबियन वाल बनाइने काम भइरहेको छ ।

सुन्दर नेपाल-रोजा-स्यार्सेकाली जेभीले २ करोड ८९ लाखमा ठेक्का सम्झौता गरेको यस योजनामा वडा नं. १४ को काम सकेर १५ तर्फ काम सुरु गरिएको छ । हालसम्म यसको भौतिक प्रगति ३८ प्रतिशत रहेको छ । हेटौंडा-१७ र १८ जोड्ने कर्रा खोलाको निर्माणाधीन पुलको काम ८८ प्रतिशत सकिएर पनि अदालती प्रक्रियाका कारण रोकिएको थियो । २०७४ सालमा इलिट-सपना-विद्याञ्चल जेभीले ५ करोड २६ लाख रुपैयाँमा निर्माण जिम्मा लिएको यस पुलको विवाद हाल अदालतबाट निरुपण भइसकेको छ । पूर्वाधार विकास कार्यालयका इन्जिनियर कृष्ण खनालका अनुसार अब काम पुन:सुरुहुने चरणमा छ भने म्याद २०८३ असार २५ गतेसम्म थपिएको छ ।

पूर्वाधार विकास कार्यालय मकवानपुरले जिल्लामा लामो समयदेखि अलपत्र रहेका आयोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाएको कार्यालयका प्रमुख इन्जिनियर सुजन भण्डारीले बताए । 'विगतमा विभिन्न कारणले रोकिएका आयोजनालाई वर्गीकरण गरी काम सुरु गरिएको छ । मकवानपुरका प्राय: सबै 'क्रोनिक' रुग्ण आयोजनामा काम सुरु भइसकेको छ र धेरैमा उल्लेख्य प्रगतिसमेत हासिल भएको छ,' उनले भने ।

# पत्रकारितामा एआईको प्रयोगबारे प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुरको सहकार्यमा बुधबारबाट पत्रकार तथा सञ्चार कर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सुरु भएको छ ।

डिजिटल पत्रकारिता तथा पत्रकारितामा एआईको प्रयोगबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगरको अध्यक्षता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीको प्रमुख आतिथ्यता कार्यक्रम सुरु भएको हो । कार्यक्रममा मन्त्री अधिकारीले पत्रकारिता क्षेत्र विकासका लागि मन्त्रालयले सदैव साथ दिने प्रतिबद्धता व्यक्त गरे । पछिल्लो समय सूचनाप्रविधीको विकाससँगै पत्रकारिताको शैलीमा पनि परिवर्तन भइरहेकाले त्यसलाई आत्मसात गर्दै अघि बढ्न उनले तालिमका सहभागी पत्रकारलाई सुझाव दिए ।

'अहिलेको समय एआईको हो, यसलाई सही सदुपयोग गर्दै आफूलाई सक्रिय राख्नुहोस्' मन्त्री अधिकारीको भनाई छ । उनले लामो संघर्षबाट प्राप्त लोकतन्त्र सदैव बचाइराख्न आवश्यक रहेको भन्दै उनले सबै क्षेत्रमा यसमा लागिपर्नुपर्ने बताए । मुलुक लोकतान्त्रिक प्रणालीबाट अगाडि बढिरहेकाले जुन पार्टीको सरकार आएपनि लोकतन्त्रिक पद्दति नै प्रतिफल भएको बताए । यस्तै पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष सारुले देशमा प्रतीपक्षि हालसम्मको कमजोर अवस्थामा रहेको बताए । यस्तो अवस्थामा शसक्त प्रतिपक्षको भूमिकामा मिडिया हुनुपर्ने उनको भनाई छ ।

'आजको परिस्थिति र परिवर्तन सूचनाप्राविधिको कारणले भएको हो' अध्यक्ष सारुले भने, 'यो कन्टेन्ट क्रियटरको युग हो, हामीले गर्ने पत्रकारिताको मोडल परिवर्तन हुनुपर्छ ।' उनले पत्रकारले समाजको ऐना भएकाले हामीले सुशासनमा अग्र भागमा हुनुपर्ने बताए । पछिल्लो समय निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन हटाउने नीति बिचौलिया मुक्त गरी अनियमितता हटाउने प्रयास राम्रो भएपनि यो निजी र सरकारी मिडियामा विभेद हुननहुने तर्क गरे । उनले प्रदेश सरकारले समानुपातिक विज्ञापन नीति ल्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश समितिका उपाध्यक्ष हरि हुमागाईं, सदस्य उज्ज्वल अधिकारी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका महाशाखाप्रमुख पदम ओझा, प्रेस चौतारी मकवानपुरका अध्यक्ष सरिता दाहाल, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टर मकवानपुरका सचिव अनिल पराजुलीलगायतको आतिथ्यता थियो । आजसम्म हुने कार्यक्रममा प्रशिक्षक शिव पुरी र अजय शर्माले प्रशिक्षण दिइरहेका छन् ।


## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय मकवानपुर**
हेटौंडा, नेपाल



## सहकारी संस्थाहरु एकीकरण हुनेसम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने सस्था:

☞ श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे








## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं


☞ सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
☞ न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
☞ बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
☞ कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
☞ श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
☞ महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
☞ श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
☞ श्रम ऐन तथा नियमहरूको पालना गरौं,
☞ श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना